# सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रमसम्बन्धी कार्यविधि, २०७८

प्रस्तावनाः शिक्षा विकास निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रमअनुसार सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, नतिजामूलक बनाउन, स्रोत साधनको समुचित उपयोग गर्न तथा विद्यालयहरूलाई समायोजन हुन प्रोत्साहन गराउन वाञ्छनीय भएकोले विनियोजन ऐन, २०७८ को दफा १०(२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रम कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ ।

२. परिभाषाः

क) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

ख) "विद्यालय व्यवस्थापन समिति" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा १२ बमोजिम गठन भएको वा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) (७) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

ग) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, हेटौंडा नेपाललाई सम्झनु पर्दछ ।

घ) "निर्देशनालय" भन्नाले बागमती प्रदेश सरकार शिक्षा विकास निर्देशनालय, हेटौंडा नेपाललाई सम्झनु पर्दछ ।

ङ) "स्थानीय तह" भन्नाले जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२
## उद्देश्य, सर्त, छनोट प्रकृया र मापदण्ड

३. उद्देश्यः यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः

क) बागमती प्रदेशभित्र समायोजन भएका विद्यालयहरूको छनोटको मापदण्ड निर्धारण गर्नु ।

ख) मापदण्ड अनुसार छनोट भएका विद्यालयलाई अनुदान प्रदान गर्नु ।

ग) विद्यालय समायोजन गरी गुणस्तरीय शिक्षा अभिवृद्धि गर्नु ।

४. सर्तः सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रम अनुदानको लागि आवेदन दिन देहायका सर्त पुरा गरेको हुनु पर्ने छः

क) शैक्षिक सत्र २०७८ मा समायोजन गर्ने सामुदायिक माध्यमिक विद्यालयमा अर्को कम्तीमा (१-५) कक्षासम्म सञ्चालित सामुदायिक आधारभूत तहको विद्यालय गाभिएको हुनुपर्ने छ ।

ख) समायोजन पछिको विद्यालयमा न्यूनतम(१-१०) का लागि एक कक्षा एक कोठाको दरले कक्षाकोठा, कार्यालय, पुस्तकालय, प्रयोगशालाका लागि छुट्टै एउटा कोठा र छात्र/छात्राको लागि छुट्टाछुट्टै शौचालय हुनुपर्ने छ ।

ग) समायोजन गर्ने विद्यालयको स्वामित्वमा कम्तीमा १५ रोपनी जग्गा हुनुपर्ने छ । आफ्नै नाममा जग्गा नहुने विद्यालयको हकमा स्थानीय तहबाट विद्यालयको नाममा भोगाधिकार रहेको जग्गाको विवरण एकीन गरी सिफारिस हुनुपर्ने छ ।

घ) प्रोत्साहन अनुदान देहायका क्षेत्रहरूमा खर्च गर्न सकिने छः

१) विद्यालय बस

सर्तहरूः

अ. चालक, सहचालक, इन्धनको आपूर्ति र मर्मतसंभार जस्ता खर्च विद्यालय आफैंले वा स्थानीय तहको सहयोगमा व्यहोर्ने तथा स्रोत निरन्तरता हुने कुराको सुनिश्चितता भएको हुनुपर्ने छ ।

आ. विद्यालयको सेवा क्षेत्रभित्र बाह्रै महिना सवारी साधन चल्न सक्ने बाटो भएको हुनु पर्ने छ ।

इ. विद्यालयका लागि बस आवश्यकता भएको भनी स्थानीय तहको सिफारिस संलग्न हुनुपर्ने छ ।

२) सूचना प्रविधिमा आधारित शिक्षण सिकाइको अवलम्वन

सर्तहरूः

अ. कक्षागत अलग अलग कक्षाकोठा हुनुपर्ने छ ।

आ. विद्युत र इन्टरनेट जडान भएको हुनुपर्ने छ ।

इ. सूचना तथा प्रविधिसम्बन्धी जनशक्तिको व्यवस्था भएको हुनुपर्ने छ ।

ई. सूचना प्रविधिमा आधारित शिक्षण सिकाइको अवलम्वन सम्बन्धी विद्यालयको कार्ययोजना संलग्न हुनुपर्ने छ ।

उ. आइसिटी ल्याब स्थापना गरेका विद्यालयहरूले यस शीर्षकमा प्रस्ताव पेस गर्न पाउने छैनन् ।

३) बालमैत्री कक्षा व्यवस्थापन

अ. कक्षागत रुपमा कक्षाकोठा भएको हुनुपर्ने छ ।

आ. गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ ले निर्धारण गरेका न्यूनतम् र अपेक्षित मापदण्डलाई समावेस गरी बनाएको कार्ययोजना संलग्न भएको हुनुपर्ने छ ।

ङ) विद्यालयले (घ) मा उल्लेखित क्षेत्रहरूमध्ये कुन क्षेत्रमा अनुदान रकम खर्च गर्ने हो सो खुलाई प्रस्ताव पेस गर्नुपर्ने छ ।

च) छनोट भएका विद्यालयलाई विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सम्झौता गरी प्रति विद्यालय कार्यक्रमको लागत ईष्टिमेट वा स्पेसिफिकेशन अनुसार कार्य सम्पन्न प्रतिवेदन बमोजिम बढीमा पच्चीस लाखसम्म अनुदान रकम निकासा दिइने छ ।

५. छनोट प्रकृयाः निर्देशनालयले दफा ४ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालय समायोजन प्रोत्साहन अनुदानका लागि छनोट गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नुपर्ने छः

क) अनुसूची-१ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न गरी आवेदन पेस गर्न निर्देशनालयले १५ दिनको सार्वजनिक सूचना निर्देशनालय, सामाजिक विकास मन्त्रालयको वेबसाइटमा प्रकाशित गर्ने र सो सूचना शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत सूचना प्रवाह गर्न लेखी पठाउने ।

ख) दफा ५(क) बमोजिम प्राप्त प्रस्तावनाहरूको जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ४ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरूमध्ये दफा ७ बमोजिमको मापदण्ड अनुसार सबै भन्दा बढी अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालय छनोट गर्ने

ग) छनोट भएका विद्यालयहरूले तोकिएको समयमा सम्झौता गर्न नआएमा सोपछिको क्रमश बढी अङ्क प्राप्त गर्ने विद्यालय छनोट गर्ने

६. प्रस्तावना जाँचबुझ तथा मूल्याङ्कन समितिः यस समितिमा निम्नानुसारका पदाधिकारीहरू रहनेछन:

क) शिक्षा विकास निर्देशनालयका निर्देशक - संयोजक

ख) सामाजिक विकास मन्त्रलयको अधिकृत प्रतिनिधि - सदस्य

ग) योजना तथा कार्यक्रम शाखा प्रमुख/अधकृत, शिक्षा विकास निर्देशनालय - सदस्य

घ) सम्बन्धित स्थानीय तहको पदाधिकारी - सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख,शिक्षा विकास निर्देशनालय - सदस्य

समितिले आवश्यकता अनुसार बढीमा तिनजनासम्म विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

७. छनोटका मापदण्डहरू : सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने विद्यालयहरू छनोट गर्दा तपसिलका मापदण्डका आधारमा गरिने छ –

क) समायोजन गर्ने विद्यालयको तह समायोजन – १० अङ्क

१) समायोजन गर्ने विद्यालयमा माध्यमिक विद्यालय समायोजन भएको भए- १० अङ्क

२) समायोजन गर्ने विद्यालयमा आधारभूत विद्यालय (१–८) समायोजन भएको भए – ८ अङ्क

३) समायोजन गर्ने विद्यालयमा आधारभूत विद्यालय (१–५) समायोजन भएको भए – ६ अङ्क

४) समायोजन गर्ने विद्यालयमा आधारभूत विद्यालय (१–३) समायोजन भएको भए – ४ अङ्क

ख) समायोजन गर्ने विद्यालयको विद्यार्थी सङ्ख्या – १० अङ्क

१) समायोजन गर्ने विद्यालयमा विद्यार्थी सङ्ख्या (बालविकासदेखि माध्यमिक तहसम्म) १००० मन्दा माथि भए – १० अङ्क

२) समायोजन गर्ने विद्यालयमा विद्यार्थी सङ्ख्या (बालविकासदेखि माध्यमिक तहसम्म) ५०० देखि ९९९ सम्म भए –५ अङ्क

ग) समायोजन भई आउने विद्यालयको विद्यार्थी सङ्ख्या – ५ अङ्क

१) १०० जनासम्म विद्यार्थी भए–५ अङ्क

२) १०० जनाभन्दा कम विद्यार्थी भएमा -३ अङ्क

घ) समायोजन गर्ने विद्यालय रहेको स्थान – १० अङ्क

१) महानगरपालिका र उपमहानगरपालिका – १० अङ्क

२) नगरपालिकाको विद्यालय भए – ८ अङ्क

३) गाउँपालिकाको विद्यालय भए – ५ अङ्क

ङ) समायोजन गर्ने विद्यालयको भौतिक पूर्वाधारको अवस्था – १० अङ्क

१) एउटा कक्षा एक कक्षाकोठा, कार्यालय, पुस्तकालय, प्रयोगशाला, छात्र छात्राको लागि छुट्टा छुट्टै शौचालय, तारबार वा कम्पाउण्ड वाल, खेल मैदान, विद्यालय कम्पाउण्डभित्र क्यानटिन, प्राथमिक उपचार कक्ष, भएमा-१० अङ्क

२) उपर्युक्त मध्ये कुनै एक वा सोभन्दा बढी पूर्वाधार नभएमा –५ अङ्क

च) समायोजन गर्ने र समायोजित हुने विद्यालय बिचको दूरी – ५ अङ्क

१) तिस मिनेटसम्मको दूरीमा रहेको विद्यालय समायोजन भएमा- ५ अङ्क

२) तिस मिनेटभन्दा बढीको दूरीमा रहेको विद्यालय समायोजन भएमा- ३ अङ्क

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

## परिच्छेद-४
## कार्यक्रम सञ्चालन विधि र पालना गर्नुपर्ने सर्तहरू

८. कार्यक्रम सञ्चालन विधि र पालना गर्नुपर्ने सर्तहरू (१) सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रमका लागि छनोट भएका विद्यालयहरूले सम्बन्धित विषय क्षेत्रका प्राविधिकबाट स्पेसिफिकेसन, ड्रइङ, डिजाइन र लागत स्टिमेट तयार गर्न लगाई विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरी पेस गर्नुपर्ने छ।

(२) स्वीकृत कार्यक्रमहरूको कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.संग आवश्यक सर्तहरू समावेश गरी सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(३) नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन, नियम तथा कार्यविधिअनुसार कार्यक्रम कार्यान्वयन गर्नु गराउनु पर्ने छ ।

९. रकम निकासा सम्बन्धी व्यवस्था: (१) सम्झौता अनुरुपको कार्य सुरु भए पश्चात् निर्देशनालयले सम्झौतामा उल्लेख भए बमोजिम पहिलो किस्ता बापत अनुदान रकमको बढीमा ४०% सम्म रकम पेश्की स्वरुप विद्यालयको बैंक खातामा निकासा दिइने छ ।

(२) सम्पूर्ण कार्य सम्पन्न भइसकेपछि विद्यालयले सम्बन्धित विषय क्षेत्रका प्राविधिकबाट कार्य सम्पन्न भए नभएको सम्बन्धमा नापजाँच तथा निरीक्षण गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्न लगाई पेस गर्नुपर्ने र सो कार्य सम्पन्न प्रतिवेदन र कागजातको आधारमा अन्तिम किस्ताको रूपमा बाँकी रकम विद्यालयको बैंक खातामा निकासा दिइने छ।

(३) विद्यालयले स्थानीय तहको प्रतिनिधिसहित ३ सदस्यीय कार्यक्रम कार्यान्वयन अनुगमन समिति गठन गर्नुपर्नेछ । उक्त समितिले सो कार्यको रेखदेख अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन पेस गर्नुपर्नेछ ।

## परिच्छेद-५
## विविध

१०. विवरण पठाउनु पर्ने: निर्देशनालयले सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रमका लागि छनोट गरिएको सामुदायिक विद्यालयको विवरण मन्त्रालयमा पठाउनुपर्ने छ ।

११. लेखा तथा लेखापरीक्षण: विद्यालयले सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रमको अनुदान बापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणालीअनुसार लेखा राख्नु पर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

१२. सरकारी बाँकी सरह असुलउपर गरिने: समायोजन प्रोत्साहन कार्यक्रमको अनुदान प्राप्त गर्ने विद्यालयहरूले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बिचमा कार्य छाडेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

१३. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरूमा प्रचलित कानुन बमोजिम हुने छ ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

अनुसूची-१

(दफा ५ सग सम्वन्धित)

परिच्छेद –एक

परिचय खण्ड

१.१ परिचय

क) विद्यालयको नाम :

ठेगाना :

ख) प्रधानाध्यापकको नाम : मो.नं.: ईमेल :

ग) कार्यक्रमको नाम :

घ) कार्यक्रमको विस्तृत लागत अनुमान :

ङ) कार्यक्रमको खर्चको स्रोत :

च) कार्यक्रम सुरू हुने मिति :

छ) कार्यक्रम सम्पन्न हुने मिति :

ज) समायोजन भई आएको विद्यालयको नाम, ठेगाना र तह:

१.२ विद्यालय परिचय

क) विद्यालयको स्थापना कालदेखि हालसम्मको अवस्था

ख) शैक्षिक उपलब्धि अवस्था (२०७५ देखि ३ वर्षको कक्षा१-५ को विषयगत औषत उपलब्धि उल्लेख गर्नुपर्ने )

ग) बस्तीको सामाजिक नक्शा (बाटोको अवस्था, पहाड, जङ्गल सबै झल्किने ।

१.३ समायोजन गर्ने र समायोजित हुने विद्यालयको विस्तृत विवरण

- उद्देश्य
- विद्यालयको वर्तमान अवस्था ( भौतिक अवस्था)
- जनशक्ति :
- विद्यार्थी सङ्ख्या (कक्षागत छात्रा/छात्र, दलित, जनजाति विद्यार्थी विवरण)
- शिक्षक सङ्ख्या नाम नामेसी
- शैक्षिक उपलब्धि
- भौतिक अवस्था (भवन र कोठा सङ्ख्या खुल्ने गरी, कुन कुन कक्षा कुन प्रयोजनका लागि भएको छ उल्लेख गर्ने )
- जग्गा (जग्गाधनी प्रमाणपुर्जा, भोगाधिकार प्राप्त सम्वन्धित निकायको पत्र )
- समायोजन हुने र गर्ने विद्यालयको दूरी:

माननीय कुमारी मोक्तान

सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा

## परिच्छेद – दुई

### प्रोत्साहन अनुदानबाट सञ्चालन हुने कार्यक्रमको क्षेत्र र सञ्चालन प्रकृया

क) कार्यक्रमः

ख) कार्य सञ्चालन प्रकृयाः

ग) अनुगमन /मूल्याङ्कनः

## परिच्छेद – तीन

### शिक्षण सिकाइमा योगदान

क) प्रत्यक्ष लाभान्वित विद्यार्थी सङ्ख्याः

ख) प्रत्यक्ष लाभान्वित समुदायः

ग) शैक्षिक उपलब्धि प्रक्षेपणः

सलग्न राख्नुपर्ने कागजातहरू

१. समायोजन भई आउने विद्यालयको र समायोजन गर्ने दुवै विद्यालय व्यवस्थापन समितिको निर्णय
२. समायोजन गर्ने निकायले समायोजनको तह खुलाई दिएको पत्र
३. स्थानीय तहको सिफारिस
४. समयको आधारमा समायोजन हुने र गर्ने विद्यालयको दूरी खुलेको स्थानीय तहको पत्र
५. समायोजन गर्ने विद्यालयको भौतिक पूर्वाधार खुलेको विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री